"समृद्ध सङ्खुवासभा हाम्रो अभियान, समग्र क्षेत्रको सन्तुलित विकासका लागि सूर्यमा मतदान"

# नेकपा एमालेका उम्मेदवारहरूलाई सूर्य चिन्हमा मतदान गरी विजयी गराऔं ।

चुनाव चिन्ह 'सूर्य'




**राजेन्द्र प्रसाद गौतम**
प्रतितिधिसभा सदस्य
सङ्खुवासभा



**भविश्वर गुरुङ**
प्रदेशसभा सदस्य
सङ्खुवासभा क्षेत्र 'क'



**विदुर कुमार लिंथेप**
प्रदेशसभा सदस्य
सङ्खुवासभा क्षेत्र 'ख'



**प्रेम पराजुली**
प्रतिनिधिसभा सदस्य
समानुपातिक



**प्रेम शाक्य**
प्रदेश सभा सदस्य
समानुपातिक



**सुन्दरी घिमिरे खतिवडा**
प्रदेश सभा सदस्य
समानुपातिक

**सुखी नेपाली, समृद्ध नेपाल निर्माणको आधार, संघ र प्रदेशमा एमालेको सरकार"**

**आदरणीय आमा बुवा, दाजुभाई तथा दिदिबहिनीहरु,**

**नेपालको संविधान २०७२** को रक्षा र कार्यान्वयनका लागि आगामी २०७९ मंसिर ४ गते सम्पन्न हुन लागिरहेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा राष्ट्रवादी, वामपन्थी तथा लोकतन्त्रवादीहरूको तर्फबाट प्रतिनिधित्व गर्दै नेकपा एमालेका उमेद्वारहरू अघि बढिरहेकाछन् ।

यही सन्दर्भमा पार्टीको केन्द्रीय घोषणापत्रको आधारमा हालसम्मका जनआन्दोलन र जनसंघर्षहरूमा साहदात प्राप्त गर्नु हुने शहिदहरूको योगदानलाई उच्च सम्मान गर्दै जिल्लाको समग्र विकास र संमृद्धि र सुशासनका लागि सामाजिक न्याय एवम् लोकतन्त्रको सुदृढिकरण गर्न विगतका प्रतिवद्धतापत्रको समिक्षात्मक सारांस सहित प्रतिवद्धतापत्र निम्नानुसार प्रस्तुत गरिएको छ ।

गत २०७४ सालमा सम्पन्न भएको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य पदका निर्वाचनताका जारी गरिएका प्रतिवद्धतापत्रमा उल्लेखित योजना तथा विषयहरू मध्ये अधिकांश योजनाहरू पालिका, प्रदेश एवम् केन्द्र सरकारको सहकार्यमा सम्पन्न भएका, निर्माणाधिन अवस्थामा रहेका, कतिपय योजनाहरू प्रकृयामा रहेका र कैयौ योजनाहरू प्राथमिताक्रममा रहेको पाइएका छन् ।

**विगत ५ वर्षमा भए गरिएका मुख्य उपलब्धीहरु**

- अरूण तेश्रो जलविद्युत आयोजनाको निर्माण कार्य शुरूवात गराएको
- खाँदबारी-किमाथाङ्का सडकको चेपुवा खण्डमा रहेको विवाद अन्त्य गरेर ट्र्याकओपन गर्न नेपाली सेनालाई जिम्मा दिए पश्चात हाल निर्माणाधिन रहेको ।
- तुम्लिङटार-लेगुवा सडकको कालोपत्रे सम्पन्न गराएको ।
- टुटेदेउराली-मुढेशनिस्चरे सडक कालोपत्रे गराएको ।
- चतरा-लेगुवा-तुम्लिङटार सडक निर्माण कार्य आरम्भ भएको
- प्रत्येक पालिका केन्द्रमा ५ देखि १५ बेडको अस्पताल र वार्डमा आधारभूत अस्पताल निर्माणको कार्य आरम्भ गराएको
- टुटेदेउराली-मुढे -चैनपुर-खादबारी सडकलाई जिल्ला रणनीतिक सडकमा कायम गराएर निर्माण कार्य शुरूवात गराएर हाल निर्माणाधिन रहेको ।
- सबै पालिकाहरूमा रहेका अधिकांश आधारभूत, माध्यमिक विद्यालय र उच्च माध्यमिक विद्यालयहरूको भवन निर्माण, खानेपानी र तारघेरा गर्ने कार्य क्रमगत रूपमा अगाडि बढिरहेको ।
- प्रत्येक पालिकामा न्युनतम १ देखि २ वटा विद्यालयहरूमा प्राविधिक शिक्षा, प्रविधिमैत्री शिक्षाको व्यवस्था गरी सञ्चालन गरिएको
- शान्तिसुरक्षालाई ध्यान दिएर ९ वटा अस्थायी प्रहरी चौकीहरूलाई स्थायी गरी केवाबेसीमा अस्थायी प्रहरी चौकी स्थापना गरिएको ।
- कोरोना भाइरस महामारी रोकथाम व्यवस्थापनका कार्यहरूमा सिंगो पार्टी परिचालन हुनका साथै पार्टी कार्यालयमा आइसुलेशन सेवा सञ्चालन गरिएको ।
- अधिकांश पालिका केन्द्रहरूमा ढलाई/कालोपत्रे गरिएको । पालिका केन्द्रबाट सदरमुकाम जोड्ने सडक ग्राभेल/कालोपत्रे गराएको र अन्य सडकहरूलाई निरन्तर प्रकृयामा सामेल गरिएको ।
- पालिका तहका श्रोत भएका स्थानहरूमा क्रमशः खाँदबारी, चैनपुर आँखिभूईं लगायतका क्षेत्रहरूमा लिफ्ट खानेपानी आयोजना शुरूवात भएको, कतिपय स्थानमा निर्माणाधिन अवस्थामा रहेको ।
- जिल्लामा पर्यटन विकासको प्रवर्द्धन गर्न सभापोखरीधाम, मनकामनाधाम, मत्स्यपोखरी, मकालु बेसक्याम्प, सिलिचोङ, लालिगुरास विकासलागि गुफापोखरी र मिल्केजल्जले, शिवधारा, बानेश्वरमा निर्माणाधिन पाँचधाम, ५००५ सिँढी पदमार्ग, वालेश्वर गुफा, मकालु हिरक पार्क लगायतका ऐतिहासिक, धामिर्क र प्राकृतिक महत्वका स्थानहरूको विकासका लागि विस्तृत आयोजनाहरू अघि बढाएको तथ्य जानकारी नै छ ।



CamScanner

हाम्रा प्रतिवद्धताहरु:

## १. कृषि विकास तथा पशुपालन:

- दश वटै स्थानीय तहमा माटो परिक्षण केन्द्र स्थापना गरी **'एक गाऊ–एक उत्पादन'**को नीति अवलम्बन गरिनेछ । कृषि, उद्योग र व्यापार गर्न अनुदान र सस्तो व्याजको ऋणको व्यवस्था गरिनेछ । वीउविजन, मल, किटनाषक औषधी र प्रांगारिक मल उत्पादन लगायतमा अनुदान दिने नीति लागु गरिनेछ ।
- चौरी, भेडाबाखा र दुधालु गाई भैसी, मत्स्यपालन, पशुपक्षिपालन गरी मासु तथा दुध जन्य पदार्थको प्रवर्द्धन गरिनुकासाथै दूध लगायतका कृषि उपज प्रशोधनलाई प्राथमिकता दिइनेछ ।
- कृषि तथा पशुपक्षीपालनलाई व्यवसायिकरण, आधुनिकिकरण र यान्त्रिकरण गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- पकेट, जोन र सुपरजोन क्षेत्रहरू निर्धारण गरी फलफुल खेती, अल्लो, अलैची, रूद्राक्ष र जरिबुटी प्रवर्द्धन गरिनेछ ।
- **कृषि बाली तथा पशुपंक्षीको विमा सेवा, कृषक पेन्सन,** पुरस्कार र सुविधाहरूको व्यवस्था गरिनेछ ।
- **पालिकाहरूमा कृषि तथा पशु चिकित्सक रहेको कृषि शाखा र एक वडा एक कृषि प्राविधिकको नीति** बनाएर कार्यान्वयन गरिनुकासाथै कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताललाई क्षमता र प्रविधिमा सुधार गरी अनुसन्धानमुलक कार्यमा विकास गरिनेछ ।
- **पालिकासगको सहकार्यमा नमुना कृषि फर्म, कृषि उपज सङ्केलन केन्द्र, सितभण्डार, कृषि बजार स्थापना सञ्चालन नीति कार्यक्रम** बनाएर कार्यान्वयन गरिनेछ ।
- सबै स्थानीय तहहरूमा स्थापना भएका बैंकबाट कृषि क्षेत्रमा लगानी बढाउन प्रोत्साहन गरिनेछ ।

## २. यातायात विकास

अधिक स्थानीय तहलाई जोड्ने र पर्याप्त बजेट प्रबन्ध गरी **मेरूदण्ड सडक कालोपत्रे कार्यक्रम** अघि बढाइनेछ ।

- खादबारी-नुम सडक र नुम-हटिया सडक (उत्तर दक्षिण कोशी राजमार्ग)
- हटिया-किमाथाङका सडक स्तरवृद्धि/ट्र्याकओपन (उत्तर दक्षिण कोशी राजमार्ग)
- याक्खाचोक-विहिवारे-केवाबेसी सडक
- खादबारी-कल्छे -पाङ्ठा-डके -सभापोखरी सडक
- गुफापोखरी-नुनढाकी-चैनपुर-खराङ-हात्तिसुडे -पिलुवा सडक
- ओखरबोटे-मुलखर्क-मङगलवारे सडक
- चैनपुर-वाना-बह्रविसे सडक
- लभिङहिल-गुवाबारी-माल्टा सडक
- वाना-लिङलिङ-खादबारी सडक
- चैनपुर-भञ्ज्याङ-लिङलिङ-बेडेर्नी-खादबारी सडक
- मानेभञ्ज्याङ-हेलुवाबेसी-सिसुवाबुधवारे-ताम्कु सडक
- खादबारी-राम्चे-लेब्राङ-बाह्रविसे सडक लगायत

प्राथमिकतामा राखेर कार्यान्वयन गरिने अन्य सडक तथा योजनाहरू निम्नानुसार रहेकाछन् ।

- महत्वपुर्ण बजार तथा पर्यटकीय स्थलहरू पहिचान गरी सो स्थानसम्म पुग्ने सडकहरूको निर्माण कार्य यथाशिघ्र पुरा गरिनेछ ।
- जिल्लामा स्थल, हवाई र जल यात्राको एकीकृत विकास गरिनेछ ।



CamScanner

- अरूणथान-ढाडेभिर-आङ्ला (११ नं. वडा कार्यालय)-चारधारा सडक, मानेभञ्ज्याङ-चारबहर-चेवाबेसी सडक, बुम्लिङ-सल्लेरी-ताम्कु सडक, नुम-सेदुवा-टासीगाउ (पुलसहित) सडक, गढी-सिरूटार-कारमाराङ र कारमाराङ-ओवाक-लुम्सुङ-तुङखालिङ-चेपुवा सडक, चिचिला-मत्स्यपोखरी-देवीटार-बाह्रविसे सडक, विहिबोटे-हेलुवा-सिम्ले-तम्बेबेसी सडक, तुम्लिङटार-रयालेबेसी-चेवाबेसी-हेलुवाबेसी सडक, नुम-खोङलाखाङ-माङ्सिमा सडक, भ्याङखोला-हरेलो-दिदिङ सडक, बुधवारे-बाला-बेतिनी सडक, चेवापानी ट्याङकी- सिरिसे-बतासे-चाबोटे-हेलुवाबेसी सडक, नुम-आम्राङ-छोयाङ सडक, मानेभञ्ज्याङ-पानी ट्याङकी-अरूणथान सडक, हिंगुवा-थालेडाडा-बर्खेडाडा-चिचिला सडक, ताम्कु-माङतेवा-याफु सडक, भेडेटार-अर्चले पप्लि-खोरण्डे -चेवाचारबर सडक, याफुडाडा-खेवाटार-तम्बे सडक, जिसस चोक-पिप्ले-भेडेटार सडक, मङगलादेवीथान-गुवाबारी सडक, तल्लापाङठा-खानीडाडा-माथिल्लोपाङठा सडक, डके-ज्यामिरे-वितलब-बाह्रविसे सडक, माल्टादोभान-समावि-राइडाडा-भिरकुना-छ्याङकुटी सडक, चिसापानी-माल्टा सडक, बुधवारे-नेवाटार सडक, गौडे-चिप्लेगाउ-राइडाडा (शहिद पार्क) सडक, हेलुवा-आङला सडक, वैद्यगाउ-माथिल्लोटार-तल्लोटार सडक, माल्टा-लेलुवा-सगम-थालेडाडा सडक, गिद्दे-मनकामना सडक, पाङमाठुलोआगन-गौडे -भोटेवास सडक, मिलनचोक-चिसापानी सडक, सार्कीडाडा-पाठकगाउ-राम्चे -पुलामीगाउ सडक लगायत ।

  पाचखपनका हेवाखोला(दोभाने) र कुसुवा खोला सडक पूल, भैसीचोक-चुङखुरूङ-चौरीखर्क सडक, बढरेनी-कटहरे-बाह्रविसे सडक, लिङलिङ-होक्से-तुम्लिङटार सडक, कटहरे-टाइगरचोक-आइतवारे सडक, टाइगरचोक, वाबुन र ओक्तेन सिचाई, वाना बृहद खानेपानी निर्माण गरिनेछ । चैनपुरका वृहद खानेपानी, हात्तिसुडे बोयर बाखापालन श्रोत केन्द्र विकास, खराङर पिलुवाखोला प्रहरी चौकी भवन निर्माण, क्याम्पस खेलमैदान, भुत्रै सिचाई, पर्यटकीय क्षेत्रहरूको विकास, सडकहरूमा गुफा-याङसिजुङ, चैनपुर-तिनखोप्रे, पोखरी-प्याङकोट, पोखरीबतासे)चौरीखर्क, पोखरी-त्रिवेणी, मयुम-फेक्मालुङ, नुनढाकी-पहिरे, चैनपुर-सिद्धकाली, चैनपुर-हाङलुङ-पुरानो चैनपुर, चैनपुरअम्बोटे -कटहरेबेसी, पोखरीभञ्ज्याङ-शिवालय, पोखरी भञ्ज्याङ-दुम्सिमारा, चैनपुर-थालडाडा-बेलडाडा, खराङ-सालडाडा-सातटारे, लोहाकोट-सालडाडा, खराङ-कुवापानी-ल्यारिङ-धर्मदेवी लगायत रहेकाछन् ।

  धर्मदेवीका सडकहरू याक्खाचोक-विहिवारे-मुलागाउ, विहिवारे-मुढे, मुढे -तामाफोक-तेल्लोक चौरीखर्क, तिरतिरे-धर्मदेवी मन्दिर-विहिवारे, वागरिङचोक-ढोडे -नागेश्वरी सल्ले, कुन्ताङ-जरायोटार-तामाफोक, चौटार-साउने -भालुढुङ्गा, देउराली-टाकुरे, पिलुवा करिडोर ट्रयाकओपन रहेकाछन् । लाहाचुङ-आखिभुई र टुटेखोला-अम्बोटे सिचाई कुला मर्मत, धर्मदेवी ४ को बृहद् खानेपानी निर्माण, मुडे बजार र तेल्लोकको प्रहरी चौकी भवन निर्माण लागायत रहेकाछन् । मादीका सडकहरू ओखरबोटे-मावादिन-नुनढाकी, चौकी-उम्लिङ, ओखरबोटे -छहरे-मावादिन, फाविङ-महभिर, मानेहाट-महभिर, मावदिन-रक्ते लगायत रहेकाछन् । बाधाखोला-पुलुङ कुलो निर्माण, सिसुवा र फुदुङ खोलामा पुल निर्माण, राम मन्दिर परिसरमा बृद्धाश्रम र पार्क निर्माण, मुलखर्क मावादिन राम्वेनी प्रहरी चौकी भवन निर्माण गरिनेछ ।
- अन्य साना र छोटा सडकहरूलाई लिङ्क रोडका रूपमा स्थानीय तहसगको सहकार्यमा सम्पन्न गरिनेछ ।

## ३. पर्यटन प्रवर्द्धन तथा मनोरञ्जन

- कृषि तथा पशुपालन उद्यममा आधारित कृषि पर्यापर्यटन विकास गरिनेछ ।
- पहिचान भएका पर्यटकीय स्थलहरूको पालिकागत पर्यटन विकास गुरूयोजना तयार गरी कार्यान्वयन गर्न गराउन पहल गरिनेछ ।



CamScanner

- टिएमजे क्षेत्रको मंगलवारे–गुफापोखरी क्षेत्रमा गुराँस गार्डेन तथा आकर्षक पदमार्ग निर्माण गरिनेछ । अन्य स्थानहरूको पनि संभाव्यता अध्ययन गरी पार्क, भ्यु टावर, उद्यान, झरना, पदमार्ग लगायत प्याराग्लाइडिङ, हाइकिङ, रक गार्डेन, रक क्लाइम्बिङ, केवलकार आदिको निर्माण तथा प्रवर्द्धन गरिनेछ ।
- जिल्लामा बालवालिका, युवा र वृद्धवृद्धामैत्री पार्कहरू निर्माण गरिनेछ ।
- शिवधारा, मकालु बेसक्याम्प र सभापोखरीमा केवलकार निर्माणको पहल गर्दै नीजि क्षेत्रलाई समेत प्रोत्साहित गरिनेछ ।
- जौबारी गुफा, गुप्तेश्वर महादेव, घोर्ले झरना, हनुमानबेसी र सभापोखरी पर्यटन पदमार्ग, वालिङ र चौकी मङगलवारे धनपोखरी रक्ते क्षेत्रमा गुराँस, ढोलकापे खेमराज पार्क र पदमार्ग निर्माण गरिनेछ ।
- मनकामना धाम, सिद्धकाली मन्दिर, सभापोखरी र मकालु बेशक्याम्प/शिवधारा फिरफिरे बुद्ध मन्दिर लगायतका ऐतिहासिक, धार्मिक र प्राकृतिक महत्वका स्थानहरूको चरणवद्ध रूपमा पर्यटन विकासका साझेदारी परियोजनाहरू बनाएर कार्यान्वयन गरिनेछ ।
- चारधारा, लहरीखर्क, थालेडाडा, ढोलबाजे डाडा, शहिद पार्क माल्टा, त्रिवेणीधाम, साल्पाधाम, महादेवथान खोरण्डे, तातोपानी, वरूण लगायतका पर्यटकीय स्थलहरूको विकास गरिनेछ ।
- सभा तालको विकास र अरूण नदीमा जल पर्य पर्यटनको विकास गर्न आवश्यक पहल गरिनेछ ।
- होम स्टे(घरबास) पर्यटन प्रवर्द्धनका आवश्यक कार्यहरू विस्तार गरनेछ ।
- जातीय बहुसास्कृतिक संग्राहलय, पार्क तथा स्मारकहरू निर्माण गरिनेछन् ।
- जिल्ला तहमा समग्र क्षेत्रहरूलाई समेटेर **पर्यटन प्रवर्द्धन सुचना केन्द्र** स्थापना गरी सञ्चालन गर्न अगुवाई गरिनेछ ।

### ४. उद्योग तथा व्यापार

- रोजगारी प्रवर्द्धन गर्ने स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायहरू स्थापना गरिनेछ । जिल्लाका सबै नगर तथा गाउपालिकाहरूमा उद्यम विकास कार्यक्रम विस्तार गरिनेछ ।
- जिल्लाका स्थानीय तहको उपयुक्त स्थानमा औधोगिक ग्रामको स्थापना गरिनेछ । महत्वपुर्ण बजार केन्द्रहरूमा शितभण्डार, कृषि बजार, वेयर हाउस, सुख्खा बन्दरगाह, कृषि उपज सङ्कलन केन्द्रहरू स्थापना गरिनेछन् । मुल्यश्रृङ्खलामा आधारित उद्योग व्यवसायलाई प्राथमिकता दिइनेछ ।
- हिउ पानीबाट पिउने पानी, मिनरल वाटर र डिस्टिल वाटर उद्योगको विकास गरिनेछ ।
- अलैची, रूद्राक्ष, अल्लो, राडीपाखी, करूवा, चिया र जडिबुटी जन्य उत्पादनहरूको गुणस्तर कायम गरी अन्तराष्ट्रिय बजार विस्तार गरिनेछ ।
- जिल्लामै रहेर स्वरोजगारमा सम्लग्न रहेका र वैदेशिक रोजगारबाट फर्किएका युवाहरूका लागि **म्याचिङ फन्ड** स्थापना गरी उद्योग व्यवसायमा लगानी गर्न गराउन पहल गरिनेछ ।
- **शैक्षिक प्रमाणपत्र धितो** राखेर व्यवसायिक सुलभ कर्जा प्रवाह गर्ने व्यवस्था गरिनेछ ।
- १८ वर्षदेखि ४० वर्षभित्रका संपुर्ण युवाहरूलाई दक्षजनशक्ति विकासका लागि सिपमुलक र व्यवसायिक तालिम सञ्चालन गरिनेछ ।
- दलित लगायत अन्य समुदायका परम्परागत सीप/व्यवसायलाई थप परिस्कृत बनाउन सहयोग गरिनेछ ।

५. सामाजिक सुरक्षा कार्यक्रम

- बालबालिका, वृद्धवृद्धा, एकल महिला, अपाङ्गता भएका, अशक्त, असहाय, तेश्रो लिङ्गी, दलित, सिमान्तकृत र वेरोजगार युवाहरूलाई थप सामाजिक सुरक्षाको प्रबन्ध गरिनेछ ।
- राष्ट्रिय मुक्ति आन्दोलन एवम् समाज परिवर्तनको आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने योद्धाहरूका परिवार एवम् घाइते अपाङ्गता भएकाहरूलाई सामाजिक सद्भाव तथा जीवन यापनमा सहजता प्रदान गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरणमा सहजता बढाउन पहल गरिनेछ ।

६. खानेपानी तथा सरसफाइ कार्यक्रम

- **'सफा घरः स्वास्थ्य परिवार'** र **'एक घर, एक धारा'** का लागि स्वाच्छ पिउने पानी उपलब्ध गराउने नीति कार्यान्वयन गरिनेछ ।
- लिफ्ट (Lift) खानेपानी प्रणालीलाई व्यापक रूपमा विस्तार गरिनेछ ।
- वर्षादे पानी सङ्कलन (Rainny Water Harvesting) प्रणाली स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।

७. कृषि सिचाइ

- कृषि उत्पादन बढाउन **खेतमा कुलो, पाखा जमिनमा पोखरी र थोपा सिचाई कार्यक्रम**हरू सञ्चालन गरिनेछ ।
- वाटर पम्प सिचाई कार्यक्रम कार्यान्वयन गरिनेछ ।

८. ढल निकास र फोहोर व्यवस्थापनः

- जिल्लाका मुख्य बजार केन्द्रहरूमा व्यवस्थित ढल निकास र फोहोर व्यवस्थापनका कार्यक्रमहरू लागु गरिनेछ ।
- मुख्य बजारहरूमा ल्याण्डफिल्डको व्यवस्था गरी फोहोर प्रशोधन केन्द्रहरू क्रमशः स्थापना गर्दै लगिने कार्यको अगुवाई गरिनेछ ।

९. आधुनिक सहरः विकासको लहर

- जिल्लाका खाँदबारी, तुम्लिङटार लगायतका महत्वपूर्ण बजारहरूलाई व्यवस्थित शहरहरू विकास गर्न योजनावद्ध कार्यक्रम लागु गरिनेछ । खाँदबारीलाई "A Symphony of Lights" को बजार बनाउने ।
- राष्ट्रिय/अन्तराष्ट्रिय नगरहरूसँग जिल्लाका नगरहरूको भाइचारा सम्बन्धको विस्तार गरिनेछ ।
- किमाथाङका नाका/बजार विकासको गुरूयोजना तयार गरी नाका सञ्चालन, सरकारी सम्रचनाहरूको स्थापना र शहरीकरणको चरणवद्ध योजना अघि बढाउन पहल गरिनेछ ।

१०. पूर्वाधार विकास

- एकिकृत शहरी विकासका योजनाहरू निर्माण गरी सुरक्षित आवासका लागि भवन आचारसंहिता लागु गरिनेछ ।
- जमिनको वैज्ञानिक व्यवस्थापन र सम्रचनाहरू निर्माण गर्न जग्गाको पुन नापी नक्शा र भुउपयोग नीति बनाएर लागु गर्न गराउन अगुवाई गरिनेछ ।
- सबै **बजारमा आधुनिक पशुवधशाला** निर्माण गरी स्वास्थ्य मासु विक्रीवितरण गरिनेछ ।
- जिल्लाका सबै पालिकाहरूमा डिजिटल हाउस नम्बरिङको व्यवस्था लागु गर्न अगुवाई गरिनेछ ।
- गुणस्तर मापनको लागि प्रविधियुक्त प्रयोगशाला स्थापना गरिनेछ ।
- आवश्यकता र उपयुक्तताको आधारमा सेफ हाउस, खेलमैदान, वृद्धाश्रम, अनाथालय, अतिथि गृह र सभा गृहहरू निर्माण गरिनेछ ।



CamScanner

- जातीय बसोवास र परम्परामा आधारित समाधी स्थल र किरियापुत्री घर एवम् किरिया घरहरूको उचित व्यवस्थापन गरिनेछ ।

**११. स्वास्थ्य तथा जनसङ्ख्या**

- जिल्ला सदरमुकाममा निर्माणाधिन जिल्ला अस्पतालको भौतिक, मानवीय र प्रविधिमा व्यापक सुधार गर्दै विशेषज्ञ सहितको अस्पताल विकास गरिनेछ । चैनपुरमा २५ बेडको अस्पताल र सबै स्थानीय तहमा १५ बेडको अस्पताल निर्माण तथा सञ्चालन गर्न अगुवाई गरिनेछ । हरेक वडा स्तरमा सुविधासम्पन्न स्वास्थ्य चौकी र स्वस्थ्य इकाइ एवम् स्वास्थ्य क्लिनिकहरू स्थापना गरी जनस्तरमा घुम्ति स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।
- **स्वास्थ्य विमा सेवा** व्यापक र प्रभावकारी बनाइनेछ ।

**१२. शिक्षा तथा खेलकुद**

- शिक्षालाई व्यवसायिक, रोजगारमुलक, अनुसन्धानमुलक र गुणस्तरीय बनाउन लगानी बढाइनेछ ।
- योगमाया आयुर्वेद विश्वविद्यालयको स्थापनाका बाकी काम पुरा गराउन अगुवाई गरिनेछ ।
- पालिकाहरूसगको सहकार्यमा विद्यालय र क्याम्पस एवम् सार्वजनिक स्थलका खेलमैदान, सार्वजनिक पुस्तकालय, सामुदायिक शिशु स्याहार केन्द्र, बालगृह, रङ्गशाला, कभर्ड हल बनाउन अगुवाई गरिनेछ ।
- जिल्लामा फरक फरक विषयमा आधारित प्राविधिक शिक्षालयहरू स्थापना गरिनेछ ।
- जिल्ला तथा पालिकाहरूमा गठन हुने युवा तथा खेलकुद विकास समितिहरू मार्फत खेलाडीहरूको वृत्ति विकासमा सहयोग गरिनेछ ।
- संभावना रहेका स्थानहरूमा मातृभाषाका कक्षाहरू सञ्चालन गरिनेछ ।
- जिल्लाका क्याम्पसहरूलाई आत्मनिर्भर बनाउन व्यवसायिक आयोजनाहरूको अवधारणा बनाएर कार्यान्वयन गर्न गराउन अगुवाई गरिनेछ ।
- प्रत्येक माध्यमिक विद्यालयहरूमा नर्सिङ स्टाफको व्यवस्था गर्न पहल गरिनेछ ।
- उच्च शिक्षा अध्ययन र अनुसन्धानमुलक कार्य गर्न छात्रवृत्तिको प्रबन्ध गर्न पहल गरिनेछ ।

**१३. सहकारी तथा बैंकिङ सेवा:**

- सबै स्थानीय तहमा स्थापना भएका बैकहरूको सेवालाई प्रभावकारी बनाउन पहल गरिनेछ । वडा स्तरमा कृषि सहकारीहरू स्थापना गर्न प्रेरित गरिनेछ ।
- सहकारी मार्फत कृषि तथा अन्य उद्योग सञ्चालन गर्न प्रेरित गरिनेछ ।
- जिल्लाका संपूर्ण घरधुरीलाई आवद्ध गरी शेयर सङ्कलन मार्फत तल्लो अरूण आयोजना निर्माण गर्न पहल गरिनेछ ।
- **"गाउगाउमा सहकारी, घरघरमा रोजगारी"** को नारालाई कार्यान्वयन गर्न गराउन पहल गरिनेछ ।

**१४. विद्युत विस्तार तथा सौर्य उर्जा प्रवर्द्धन**

- जिल्लाको विद्युत विस्तार हुन बाँकी पालिका र छुटेका वस्तीहरूमा विद्युत विस्तार गरिनेछ । सबै चोक र सडकहरूमा सडक बत्ती राख्न साझेदारीमा कार्य गरिनेछ ।
- सबै घरमा नेशनल ग्रिड जडान गरी प्रत्येक घरधुरीलाई नेट मिटरिङ मार्फत आयआर्जन गर्न Solar Panel जडानको लागि पहल गरिनेछ ।



CamScanner

- व्यक्तिगत, सामाजिक र औधोगिक सस्थाहरूमा सौर्य उर्जा जडान गर्नका लागि अनुदान सहयोग उपलब्ध गराउन पहल गरिनेछ ।
- व्यवसायिक रूपमा वैकल्पिक (जल, सौर्य र ग्यास) उर्जा शक्ति उत्पादन गर्न आवश्यक सहयोग उपलब्ध गराउन पहल गरिनेछ ।
- जिल्लाभित्र निर्माण हुने आयोजनाहरू तिब्र गतिमा पुरा गराउने र ठुला जल विद्युत आयोजनाहरूमा जिल्लावासीहरूको हक कायम गर्न र रोजगारीको सहज व्यवस्थापन गर्न पहल गरिनेछ ।

**१५. सञ्चार विकास**

- भोटखोला लगायतका स्थानहरूमा 4G सेवा विस्तार गरी भरपर्दो सेवा प्रदान गर्ने ।
- वाना, बाह्रविसे, भोटखोला लगायतका स्थानहरूमा थप टावर स्थापना गरी सेवा विस्तार गर्ने ।
- माङसिमा लगायतका महत्वपूर्ण स्थानका टावरहरूमा विद्युतीकरण र वैकल्पिक व्यवस्था गर्ने ।
- मकालु गाउँपालिकासम्म Fiber सेवा विस्तार गर्ने ।

**१६. नागरिकमैत्री सुशासन**

- नागरिकमैत्री सुशासनका लागि सरकारी तथा गैरसरकारी सस्थाहरूमा कर्मचारीका लागि आचारसंहिता कार्यान्वयन गर्न प्रेरित गरिनेछ । कार्यालयहरूमा टोकन प्रणाली, सिसिटिभी जडान तथा पारदर्शिता र भ्रष्टाचार शुन्य सहनशीलता कायम गर्न पहल गरिनेछ ।
- योजनाहरूको नागरिक/सार्वजनिक सुनुवाई र जनलेखापरिक्षण प्रणाली स्थापित गरिनेछ ।
- सबै पालिकाहरूले तयार गरेको Website को दैनिक update गदै नागरिक तहमा मोवाइल एप मार्फत सूचना प्रवाहको व्यवस्था गर्न पहल गरिनेछ ।
- जिल्ला सदरमुकाम लगायतका पालिकाहरूका मुख्य बजार एवम् प्रशासनिक केन्द्रहरूमा सुरक्षा प्रबन्ध बलियो बनाउन सिसिक्यामेराहरू जडान गरी प्रहरी प्रशासनको सहकार्यमा सञ्चालन गरिनेछ ।
- कमिशनतन्त्र, एकाधिकारी, कार्टेलिङ र सिण्डिकेट प्रथाको अन्त्य गर्न निरन्तर पहल गरिनेछ ।

**१७. विविधः**

- धर्मदेवी, मादी, चैनपुर र खादबारी नगरपालिका लगायतका अन्य पालिकाहरूमा रहेका गुठी/भूमि समस्याको अध्ययन गराएर समस्या समाधान गर्ने गराउने कार्यको अगुवाई गरिनेछ ।
- दक्ष श्रमिक विकासका लागि व्यवसायिक तालिम मजदुर डेस्क र मजदुर परिचय पत्रको प्रबन्ध गर्न पहल गरिनेछ ।
- महिला हिंसा, छुवाछुत र श्रोत वितरण प्रणाली लगायतमा विभेदरहित समाज निर्माण गर्न अगुवाई गरिनेछ ।
- तटीय क्षेत्र र पहिरो प्रभावित सङटाभिमुख स्थानहरूको सुरक्षित व्यवस्थापनका आवश्यक कार्यहरू गर्न अगुवाई गरिनेछ ।

***सूर्य चिन्हमा मतदान गरौं, नेकपा एमालेलाई विजयी गराऔं ।***

***समृद्ध नेपाल : सुखी नेपालीको सपनालाई साकार पारौं ॥***



CamScanner